# कृषि तथा पशुपन्छीजन्य बाली वस्तुको गुणस्तर परीक्षण, नियमन तथा आयात निर्यात तथ्याङ्क व्यवस्थापन मापदण्ड, २०८०

*मन्त्रीस्तरबाट स्वीकृत मितिः २०८०/१०/१५*

गण्डकी प्रदेशका मुख्य नाकाहरुबाट प्रदेशभित्र आयात र प्रदेशबाट निर्यात हुने कृषि तथा पशुपन्छीजन्य बाली वस्तुहरुको तथ्याङ्क अद्यावधिक गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

(१) कृषि तथा भूमि व्यवस्था मन्त्रालय मातहतका तनहुँको आँबुखैरेनी र स्याङ्जाको मालुङ्गा स्थित कृषि तथा पशुपन्छी नियमन इकाइ मार्फत कृषि तथा पशुपन्छीजन्य बाली वस्तुको गुणस्तर परीक्षण, नियमन तथा आयात निर्यात तथ्याङ्क व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

(२) मुख्य नाकाहरुबाट आयात निर्यात हुने बाली वस्तुहरुको तथ्याङ्क व्यवस्थापन तथा नियमन इकाइको कार्य जिम्मेवारी अनुसार गरिने गुणस्तर परीक्षण तथा नियमन सम्बन्धी कार्यहरुमा सहजीकरणका लागि सम्बन्धित जिल्ला तथा स्थानीय तहको प्रतिनिधित्व हुने गरी निम्न अनुसारको एक सहजीकरण समिति रहने छ।

| | |
|---|---|
| (क) प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| (ख) स्थानीय तहका प्रमुख वा निजले तोकेको निर्वाचित प्रतिनिधि | सदस्य |
| (ग) सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (घ) प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय | सदस्य |
| (ङ) प्रमुख, कृषि ज्ञान केन्द्र | सदस्य |
| (च) प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य |
| (छ) वडा अध्यक्ष, नियमन इकाइ रहेको वडा | सदस्य |
| (ज) इन्चार्ज, स्थानीय इलाका प्रहरी कार्यालय | सदस्य |
| (झ) स्थानीय बजारका उद्योग वाणिज्य संघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| (ञ) प्रमुख, कृषि तथा पशुपन्छी नियमन इकाइ | सदस्य-सचिव |

(अ) समितिले आवश्यकता अनुसार बढीमा ३ जना सरोकारवाला निकायका प्रतिनिधि बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(आ) संयोजकको अध्यक्षतामा बैठक सञ्चालन हुनेछ। संयोजकको अनुपस्थितिमा सम्बन्धित स्थानीय तहका प्रमुख वा निजले तोकेको निर्वाचित प्रतिनिधिले संयोजकको भूमिका निर्वाह गर्नेछ।

(इ) बैठकको निर्णय संयोजकबाट प्रमाणित हुनेछ।

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

(३) सहजीकरण समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछः

(क) सरोकारवाला निकायहरुसँगको समन्वय र सहकार्यमा कृषि तथा पशुपन्छीजन्य बाली वस्तुहरुको परीक्षण सम्बन्धी कार्य तथा ढुवानी गर्ने सवारी साधन पार्किङ्गका लागि आवश्यक जग्गाको प्रबन्ध मिलाउने।

(ख) कृषि तथा पशुपन्छीजन्य बाली वस्तुको गुणस्तर परीक्षण नियमन तथा आयात निर्यात तथ्याङ्क व्यवस्थापन कार्यमा खटिने सुरक्षाकर्मी (बढीमा ३ जना जनपथ/नगर प्रहरी) को अनुसूची-१ बमोजिमको विवरण स्वीकृत गरी इकाइ मार्फत कृषि तथा भूमि व्यवस्था मन्त्रालयमा पेश गर्ने।

(ग) कृषि तथा पशुपन्छीजन्य बाली वस्तुको गुणस्तर परीक्षण, नियमन तथा आयात निर्यात तथ्याङ्क व्यवस्थापन कार्यमा खटिने कर्मचारीहरुको सहजीकरणका लागि खटाईएका सुरक्षाकर्मीहरुको परिचालनमा सहयोग र समन्वय गर्ने।

(घ) प्रत्येक त्रैमासिकमा कम्तीमा एक पटक समितिको बैठक बसी आवश्यक देखिएका सम्पूर्ण व्यवस्थापकीय पक्षको कार्यान्वयनका लागि मन्त्रालयमा सुझाव सहित निर्णयहरु पेश गर्ने।

(ङ) कृषि व्यवसायमा प्रयोग हुने बीउ, बेर्ना, नश्ल लगायतका बाली वस्तुहरुको गुणस्तर परीक्षण तथा नियमन कार्यमा कार्यालय समय अघिपछि अतिरिक्त समयमा खटिने कर्मचारीहरुको सुरक्षा तथा प्रोत्साहनका लागि सम्बन्धित निकायसँग समन्वय तथा सहजीकरण गर्ने।

(च) कृषि तथा पशुपन्छी नियमन इकाइबाट नियमित रुपमा सञ्चालन हुने गुणस्तर परीक्षण र आयात निर्यात हुने कृषि तथा पशुपन्छीजन्य बाली वस्तुहरुको तथ्याङ्क अद्यावधिक कार्यको अनुगमन गरी सुझाव सहितको लिखित प्रतिवेदन पेश गर्ने।

## २. कृषि तथा पशुपन्छी नियमन इकाइका कार्यहरु

कृषि तथा पशुपन्छी नियमन इकाइले देहाय बमोजिमका कार्यहरु गर्नेछः

(१) गुणस्तर परीक्षण तथा नियमन कार्यको अभिलेखीकरण

इकाइबाट गरिने गुणस्तर परीक्षण तथा नियमन कार्यको अनुसूची-२ बमोजिम अभिलेख राखी सोको प्रमाणित विवरण मासिक/त्रैमासिक/वार्षिक रुपमा मन्त्रालयमा पेश गर्नुपर्नेछ। साथै इकाइले तयार गरेको अभिलेख समितिले माग गरेमा उपलब्ध गराउनु पर्नेछ।

(२) आयात निर्यात सम्बन्धी तथ्याङ्क व्यवस्थापन

इकाइले प्रदेशका मुख्य नाकाहरुबाट आयात निर्यात हुने कृषि तथा पशुपन्छीजन्य बाली वस्तुहरुको अनुसूची-३ बमोजिम विवरण राखी सोको प्रमाणित प्रति मासिक/त्रैमासिक/वार्षिक रुपमा कृषि तथा भूमि व्यवस्था मन्त्रालयमा पेश गर्नुपर्नेछ। साथै समितिले माग गरेका बखतमा इकाइले अभिलेख उपलब्ध गराउनु पर्नेछ।

(३) तालिम, गोष्ठी, बैठक तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन

इकाइको कार्यमा खटिने सुरक्षाकर्मी र प्राविधिक कर्मचारीको क्षमता अभिवृद्धिका लागि तालिम तथा गोष्ठी र आवश्यक परेमा सहजीकरण समितिको बैठक तथा सरोकारवालाहरुबीच अन्तरक्रिया गोष्ठी सञ्चालन गर्नेछ।

## ३. आर्थिक पक्ष

(१) कृषि तथा पशुपन्छी नियमन इकाइ प्रमुखले कृषि तथा पशुपन्छीजन्य बाली वस्तुको गुणस्तर परीक्षण तथा आयात निर्यात तथ्याङ्क व्यवस्थापन सहजीकरणका लागि कार्यालय समय अघिपछि अतिरिक्त समयमा परिचालन गरिएका सुरक्षाकर्मी तथा कर्मचारीहरुको **अनुसूची-४ अनुसार** प्रमाणित हाजिरी विवरण कृषि तथा भूमि व्यवस्था मन्त्रालयमा पेश गरे पश्चात प्रमाणित हाजिरको आधारमा स्वीकृत बजेटको परिधीभित्र रही खटिएका कर्मचारीहरुको खाजा/खाना बापतको खर्च प्रदेश खर्चको मापदण्ड अनुसार मन्त्रालयले सम्बन्धित कर्मचारीको बैंक खातामा भुक्तानी गर्नेछ।

(२) नियमन इकाइले वार्षिक स्वीकृत बजेटको परिधीभित्र रही नियमानुसार तालिम, गोष्ठी, बैठक, अन्तरक्रिया कार्यक्रम, अनुगमन तथा गुणस्तर परीक्षणका साथै नियमनका लागि आवश्यक पर्ने सामग्रीहरु खरिद जस्ता कार्यमा खर्च गर्न सक्नेछ ।

## ४. प्रचलित कानुन बमोजिम हुने

यस मापदण्डमा उल्लेख भएका विषय यसै मापदण्ड बमोजिम र अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ।

## ५. संशोधन गर्न सक्ने

कृषि तथा भूमि व्यवस्था मन्त्रालयले आवश्यकता अनुसार यो मापदण्ड संशोधन गर्न सक्नेछ।

## अनुसूची- १

दफा १ को उपदफा (३) को खण्ड (ख) सँग सम्बन्धित गुणस्तर नियमन र आयात निर्यात तथ्याङ्क व्यवस्थापन सहयोगका लागि खटिने सुरक्षाकर्मीको विवरण सम्बन्धी फारम

**कृषि तथा पशुपन्छी नियमन इकाइ रहेको स्थानको ठेगानाः**

| क.सं. | सुरक्षाकर्मीको नाम | स्थायी ठेगाना | कार्यरत कार्यालयको नाम, ठेगाना | बहाल रहेको पद | बहाल रहेको कार्यालयमा हाजिर भएको मिति | नियमन इकाइको कार्यमा खटाईएको मिति | नियमन इकाइको कार्यमा खटाईएको समय | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | देखि | सम्म | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

नियमन इकाइ प्रमुखकोः

नामः

दस्तखतः

मितिः

सहजीकरण समिति संयोजककोः

नामः

दस्तखतः

मितिः

नोट- औचित्यता र आवश्यकताको आधारमा विवरण थप गर्न सकिनेछ।

## अनुसूची- २

दफा २ को उपदफा (१) सँग सम्बन्धित कृषि तथा पशुपन्छीजन्य वस्तुको गुणस्तर परीक्षण अभिलेख सम्बन्धी विवरणको नमुना फारम

**कृषि तथा पशुपन्छी नियमन इकाइ रहेको स्थानको ठेगानाः**

| क्र.सं. | मिति | ढुवानी गर्ने सवारी साधनको किसिम र नम्बर | व्यवसायीको नाम र ठेगाना | कृषि उपज बाली/वस्तुको नाम/जात | कृषि उपज उत्पादन भएको स्थान | परीक्षण गरिएको बाली वस्तुमा विषादी अवशेष/रोग किराको प्रकार | नतिजा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| .. | | | | | | | | |

विवरण पेश गर्ने प्राविधिकको

नामः

दस्तखत:

मितिः

प्रमाणित गर्ने इकाइ प्रमुखको

नामः

दस्तखत:

मितिः

नोट- औचित्यता र आवश्यकताको आधारमा विवरण थप गर्न सकिनेछ।

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

## अनुसूची- ३

दफा २ को उपदफा (२) सँग सम्बन्धित कृषि तथा पशुपन्छीजन्य बाली वस्तुहरुको आयात निर्यात तथ्याङ्क विवरणको नमुना फारम

### १. प्रदेशमा आयात भएका बाली वस्तु सम्बन्धी विवरण

**कृषि तथा पशुपन्छी नियमन ईकाइ रहेको स्थानको ठेगाना:**

| क्र.सं. | मिति | सामग्री ढुवानी गर्ने साधन को किसिम र नम्बर | कारोबार गर्ने उद्यमी /व्यवसायी को नाम | ठेगाना | बाली/वस्तु को नाम | जात/ प्रकार | आयात भएको परिमाण (संख्या/मे.टन.) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बिरुवा/ पशुपन्छी | खाद्यान्न, बीउ | माछा, मासु तरकारी, फलफूल, मसला | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| .... | | | | | | | | | | |

विवरण पेश गर्ने प्राविधिकको

नामः

दस्तखत:

मितिः

प्रमाणित गर्ने इकाइ प्रमुखको

नामः

दस्तखत:

मितिः

नोट- औचित्यता र आवश्यकताको आधारमा विवरण थप गर्न सकिनेछ।

२. प्रदेशबाट निर्यात हुने बाली वस्तु सम्बन्धी विवरण

कृषि तथा पशुपन्छी नियमन ईकाइ रहेको स्थानको ठेगानाः

| क.सं. | मिति | सामग्री ढुवानी गर्ने साधनको किसिम र नम्बर | कारोबार गर्ने उद्यमी /व्यवसायी को नाम | ठेगाना | बाली/ वस्तुको नाम | जात/ प्रकार | निर्यात भएको परिमाण (संख्या/मे.टन.) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बिरुवा/ पशुपन्छी | खाद्यान्न, बीउ | माछा, मासु, अण्डा, तरकारी /फलफूल मे.टन | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| .... | | | | | | | | | | |

विवरण पेश गर्ने प्राविधिकको

नामः

दस्तखतः

मितिः

प्रमाणित गर्ने इकाइ प्रमुखको

नामः

दस्तखतः

मितिः

नोट- औचित्यता र आवश्यकताको आधारमा विवरण थप गर्न सकिनेछ।

अनुसूची- ४

दफा ३ को उपदफा (१) सँग सम्बन्धित सुरक्षाकर्मी तथा कर्मचारीहरुले सेवा प्रवाह गरेको दिनको हाजिर प्रमाणित सम्बन्धी फारम

कृषि तथा पशुपन्छी नियमन ईकाइ रहेको स्थानको ठेगाना:

| क.सं. | सुरक्षा कर्मीको नाम | कार्यालय | पद | पान नं. | बैंक खाता नं.र बैंकको नाम | काममा खटेको अवधि मिति | | खटेको समय | | काम गरेको जम्मा दिन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | देखि | सम्म | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |

विवरण पेश गर्ने प्राविधिकको

नाम:

दस्तखत:

मिति:

प्रमाणित गर्ने इकाइ प्रमुखको

नाम:

दस्तखत:

मिति:

नोट- औचित्यता र आवश्यकताको आधारमा विवरण थप गर्न सकिनेछ।